# प्रेस विज्ञप्ती - १३३
# Press Release-133

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं

मितिः-२०७२/०१/०६ गते

## अबैध तथा नियन्त्रीत लागू औषध सहित दुईजना मानिस पक्राउ

(१) मिति २०७२।०१।०३ गते अ.१६:०० बजेको समयमा यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले का.जि.का.म.न.पा.वडा नं. ९ कालीमाटीडोल सिनामंगल स्थित सार्वजनिक सडकमा शंकाष्पद रुपमा रहेको वा ६६ प २५९४ नं को मोटरसाईकललाई रोकी चेकजांच गर्दा मोटरसाईकलमा सवार रहेका जि.सप्तरी बोदे बरसाईन वडा नं. ४ घर भएका बर्ष २३ को ईमरान हसन सिद्धिकी र ऐ.ऐ.बस्ने बर्ष २१ का साईद अनवर समेत जना २ को संग साथमा रहेको मनोद्धिपक लागू औषध नाईट्रोसन (नाईट्राजेपाम) ८५ चक्की, Spasmo Proxyvon plus लेखेको ४८ क्याप्सुल, Chlorpheniramine maleate and codeine phosphate cough syrup लेखेको १०० एम.एलको लागू औषध कोरेक्स १५ बोतल, लागू औषध कोरेक्सको खाली ३ बोतल र ५ लिटर लेखेको २ वटा ग्लालेन मध्ये एउटा ग्यालेनमा भरी र अर्को ग्यालेनमा आधा राखेको अवस्थामा लागू औषध कोरेक्स भ्mोल पदार्थ ७.५ लिटर समेत बरामद गरी निजहरुले प्रयोग गरेको मोटरसाईकल, लागू औषध बिक्रि गरी साथमा राखेको नगद रु ३७,०००।- समेत यस व्यूरोमा पेश हुन आएकोले निजहरु माथि अन्य आबश्यक अनुसन्धान भई रहेको ।

स्मरण रहोस, हालको अबस्थामा काठमाण्डौ उपत्यका लगाएत देशका प्रमुख ठूला शहरहरुमा समेत लागू औषध खैरो हेरोईन र नियन्त्रीत लागु पदार्थको तुलनामा अबैध लागू औषध कोरेक्सको खपतमा बृद्धि हुदै गएको प्रारम्भीक अनुसन्धान बाट खुल्न आएको छ ।

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८
ईमेल : ncbnepal@gmail.com


DOUBLE PARI
डबल परी